नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार २९ गते, २०७७ साल (अतिरिक्ताङ्क २१

भाग ३

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको

सूचना १

रेडियो संचार (लाइसेन्स) (चौथो संशोधन) नियमावली, २०७७

रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "रेडियो संचार (लाइसेन्स) (चौथो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>रेडियो संचार (लाइसेन्स) नियमावली २०४९ को नियम १० मा संशोधन</u>: रेडियो संचार (लाइसेन्स) नियमावली, २०४९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १० को उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो प्रसारण गर्ने संस्था वा व्यक्तिले संवत् २०७७ साल असार मसान्तसम्म लाइसेन्स नवीकरण गरेको भए त्यस्तो संस्था वा व्यक्तिलाई आर्थिक वर्ष २०७७/७८ को लागि लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट हुनेछ ।"

३. <u>रुपान्तर</u>: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुका सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

सूचना २

<u>राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७</u>

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरुको नाम "राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २ मा संशोधनः</u> राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।"

३. <u>मूल नियमावलीको नियम १६ मा संशोधनः</u> मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर संवत् २०७७ साल असार मसान्तसम्म नवीकरण भई आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो प्रसारण गर्ने संस्था वा व्यक्तिलाई आर्थिक वर्ष २०७७/७८ मा लाग्ने नवीकरण दस्तुरमा पूर्ण छुट हुनेछ ।"

(२) उपनियम (४) पछि देहायका उपनियम (४क) र (४ख) थपिएका छन्:-

"(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएका भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म इजाजतपत्र वा अनुमतिपत्र नवीकरण नगरेका आफैंले कार्यक्रम उत्पादन गरी भू-सतही, भू-उपग्रह वा केबुलको माध्यमबाट प्रसारण गर्ने टेलिभिजन च्यानल वा एफ.एम. रेडियो प्रसारण गर्ने

प्रसारण संस्था वा व्यक्तिले इजाजतपत्र वा अनुमतिपत्र नवीकरण गर्न चाहेमा संवत् २०७७ साल पुष मसान्तभित्र मन्त्रालय समक्ष उपनियम (२) बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(४ख) उपनियम (४क) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले यस नियम बमोजिमको दस्तुर तथा नियम ११ बमोजिमको प्रसारण तथा वितरण शुल्क लिई नवीकरण गरी दिन सक्नेछ।"

४. <u>रुपान्तरः</u> मूल नियमावलीको अनुसूचीहरुको ठाउँ ठाउँमा रहेका "गाउँ विकास समिति" वा "गा.वि.स. " भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शव्दहरु राखी रुपान्तर गरिएको छ ।

सूचना ३

<u>चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (छैठौं संशोधन) नियमावली, २०७७</u>

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (छैठौं संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १० मा संशोधनः</u> चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को उपनियम (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर संवत् २०७७ साल असार मसान्तसम्म इजाजतपत्र नवीकरण भएका प्रदर्शकले आर्थिक वर्ष २०७७/७८ मा लाग्ने इजाजतपत्रको नवीकरण दस्तुरमा पूर्ण छुट पाउनेछ ।"

३. <u>रुपान्तरः</u> मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

"(क) "गाउँ विकास समिति" वा "गा.वि.स." भन्ने शब्दहरुको सट्टा "गाउँपालिका",

(ख) "जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय समिति",

(ग) "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुका सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" ।

आज्ञाले,
राधिका अर्याल
नेपाल सरकारको निमित्त सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३